आज मिति २०८०।०८।१९ गते मंगलवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८०।८१ वैठक सङ्ख्याः २३ समय : विहान ११:०० बजे स्थानः गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री ~~केशरमान लामा~~ पुन राज ठकुरी | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री विष्णु प्रसाद सुवेदी | |

सहजकर्ता कर्मचारीः

१. श्री रुपक अधिकारी

२. श्री अमर कुमार श्रीवास्तव

४. श्री विक्रम बल्लोत

५. श्री प्रकाश रावल

सहयोगी कर्मचारीः

१. श्री अमिता लामा

CS CamScanner

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्या:२३ मिति २०८० मंसिर १९

प्रमाणित
विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावहरु:

१ : २२ औं बैठकको समिक्षा सम्बन्धमा ।
२ : प्राप्त परिपत्रहरुको जानकारी सम्बन्धमा ।
३ : स्थानीय पाठ्यपुस्तक लागू गर्ने सम्बन्धमा ।
४ : बेरुजू फर्छ्यौट समिति गठन सम्वन्धमा ।
५ : शिक्षा ऐन संशोधन सम्वन्धमा ।
६ : दोलालघाटको बत्ती सौन्दर्यीकरण तथा भिमसेनस्थान मेलाको बजेट सम्वन्धमा ।
७ : जग्गाको लालपूर्जा कार्यको नम्स निर्धारण गर्ने सम्वन्धमा ।
८ : बुढाथोकी एग्रो फेमिलि फर्मको IEE स्वीकृत सम्वन्धमा ।
९ : शुभलक्ष्मी कन्सट्रक्सन फर्मको म्याद थप तथा कार्यसम्पादन भुक्तानी सम्वन्धमा ।
१०: आर्थिक सहायता सम्वन्धमा ।
११: पालिका तथा कक्षागत गीत र संसोधित लोगो छनौट सम्वन्धमा ।
१२: जिल्ला अदालत काभ्रेलाई सहयोग गर्ने सम्बन्धमा ।
१३: अरुणोदय मा.वि. भवनको साझेदारी बजेट सम्बन्धमा ।
१४: फ्रेण्ड्स निर्माण कम्पनीसंगको ठेक्का तोड्ने सम्बन्धमा ।
१५: विविध ।

## निर्णयहरु:

१. गत २२औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्वन्धमा समीक्षा गरियो ।

२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्वन्धमा जानकारी लिइयो ।

३. स्थानीय पाठ्यपुस्तक कार्यान्वयन गर्ने सम्वन्धमा छलफल हुँदा विद्यालय तथा सम्वन्धित संस्था र व्यक्तिवाट प्राप्त सुधार समेटि स्थानीय पाठ्यपुस्तक प्रकाशन गरी कार्यान्वयनमा ल्याउने ।

४. यस गाउँपालिकाको विगत वर्षहरुमा भएका नियमित गर्नुपर्ने, सैद्धान्तिक र असूल गर्नुपर्ने बेरुजू फर्छ्यौट गर्न जितेन्द्रमान तामाङ, लोक वहादुर कुँवर र विष्णु प्रसाद सुवेदी सहित तीन सदस्यीय बेरुजू फर्छ्यौट समिति गठन गर्ने ।

५. शिक्षा ऐन सम्वन्धमा छलफल हुँदा विद्यालयका प्रधानाध्यापकको छनौट खुला प्रतिस्पर्धाको आधारमा गर्ने गरी आगामि गाउँसभामा ऐन संसोधनका लागि पेश गर्न विधायन समितिलाई निर्देशन गर्ने ।

६. दोलालघाट सौन्दर्यीकरणको लागि देहाय बमोजिम गरी अनुमोदनका लागि आगामि गाउँसभामा पेश गर्ने:-

क) इन्द्रावती तथा सुनकोशी नदीमा रहेको पुलको सौन्दर्यीकरणका लागि भएको बत्ती जडान तथा अन्य आवश्यक कार्यका लागि सि.नं. १६७ पिकनिक स्पट (दोलालघाट) खर्च शीर्षक ३११५९ बाट लागेको खर्च नियमानुसार भुक्तानी गर्ने ।

ख) दोलालघाट वसपार्कमा अम्ब्रेला स्ट्रिट सेट गर्दा लागेको सोहि पिकनिक स्पट खर्च शीर्षकबाट नियमानुसार भुक्तानी गर्ने ।

ग) भिमसेनस्थान मेला व्यवस्थापनको लागि सि.नं.४७ कार्यक्रम खर्चबाट नियमानुसार भुक्तानी गर्ने ।

७. जग्गाको लालपूर्जा कार्यको भुक्तानी सम्बन्धमा आवश्यक पर्ने नम्स र दररेट सम्बन्धमा आगामि गाउँसभामा पेश गरी पारित भए बमोजिम गर्ने ।

८. बुढाथोकी एग्रो फेमिलि फार्म प्रा.लि., वडा नं. ९ ले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।

९. शुभलक्ष्मी कन्स्ट्रक्सन फर्मले निर्माण गरेको वडा नं. ९ को ५० किलो रामपुर सडकको म्याद थप गरी कार्यसम्पादन मूल्याङ्कनको आधारमा भुक्तानी दिने र वडा नं. ७ को वडा भवन निर्माणको लागि १५ दिनको कार्यसम्पादन हेरी नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति सहित म्याद थपको प्रकृया आगाडि बढाउने।

१०. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो।

यस कार्यपालिका बैठकमा देहाय बमोजिम आर्थिक निर्णय गरियो

| क्र.सं. | नाम र थर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दिलिपराज पराजुली | भुम्लु-५ | रु.१,५०,००० | मिति २०८०/०८/११ गते निजको गोठमा आगलागी दराजमा भएको महत्वपूर्ण कागजात, खाट, दाउरा, काठपात, पराल, भाडाकुडा, लत्ताकपडा जलेर नष्ट भएको |
| २ | बुना कुमारी कोईराला पराजुली | भुम्लु-५ | रु.५०,००० | मिति २०८०/०८/११ गते निजको गोठमा आगलागी गोठमा भएको मालसामान तथा भैसी समेत घाइते भएको |
| ३ | कमला परियार | भुम्लु-६ | ३०,०००/- | पिङ थाप्ना जादा रुखबाट दुर्घटना भई मृत्यु भएको |
| ४ | नर बहादुर थापा | भुम्लु-४ | ३०,०००/- | मिति २०७९/०४/०९ र १० गते आएको भिषण आधिवेरी र वर्षाका कारण घर तथा जग्गामा लगाएको विभिन्न जातका फलफुल विरुवा क्षति भएको |
| ५ | भिमसेनस्थान टहरा मर्मत | भुम्लु-१ | प्राविधिक मूल्याङ्कन बमोजिम | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्चबाट व्यहोर्ने गरी |
| ६ | जिता तामाङ | भुम्लु-७ | ५०,०००/- | आफ्नै घरमा लडी खुट्टा भाचिएको |

११. पालिका तथा कक्षागत गीत र संसोधित लोगो छनौटका लागि देहाय बमोजिम समिति गठन गर्ने ।

संयोजक – प्रेम बहादुर भुजेल (गाउँपालिका अध्यक्ष)
सदस्य – ज्ञान बहादुर तामाङ (३ नं. वडा अध्यक्ष)
सदस्य – अंचल कुमार लामा (५ नं. वडा अध्यक्ष)
सदस्य – विष्णु प्रसाद सुवेदी (प्रमुख प्रशासकीय अधिकृत)

१२. जिल्ला अदालत काभ्रेलाई एक लाख चालू खर्चबाट व्यवस्थापकीय सहयोग गर्ने ।

१३. अरुणोदय मा.वि. भवनको साझेदारी बजेट अयङ्कर्ता र पूँजीगत परामर्श शीर्षकबाट व्यवस्था गर्ने ।

१४. वडा नं. १, २,३,९ र १० को तला थप तथा वडा नं. २ को लप्सेखोला टारीस्वारा लिफ्ट सिंचाइ र वडा नं. ८ को डुम्रे वनटोल कात्तिके सडक निर्माण गर्ने कार्य फ्रेण्ड्स निर्माण कम्पनीले पाएकोमा निर्धारित समयमा कार्य सम्पन्न नगरेकाले उक्त कम्पनीसंगको ठेक्का तोडी आवश्यक प्रकृया आगाडि बढाउने ।

CamScanner

भुम्लु गाउँकार्यपालिका बैठक आ.व. २०८०।८१ बैठक संख्या:२३ मिति २०८० मंसिर १९

१५. विविध ।

क) भुम्लु-६ र ७ को समन्वयमा खरभुजा खेतीको लागि नर्सरी स्थापना र आवश्यक व्यवस्थापनको लागि कृषि शाखाको लागत इष्टीमेट अनुसारको बजेट व्यवस्थापन गर्ने।

ख) यस भुम्लु गाउँपालिकामा सञ्चालित भुम्लु सोतोकान कराते डो. संघले प्रथम भुम्लु अध्यक्ष एंव उपाध्यक्ष कप सञ्चालन गर्न शिक्षा तर्फको विविध शीर्षकबाट रु.१,००,०००/- (एक लाख) व्यवस्थापन गर्ने ।

ग) यस गाउँपालिकाका निवर्तमान न्यायिक सहजकर्ता चन्द्र बहादुर लामाले न्यायिक समिति तथा कार्यालयको विविध कार्यसम्पादन गरे वापत निजको नियमित हाजिरी प्रमाणितका आधारमा अदक्ष कामदारको दर रेट अनुसार ज्यालादारीमा कार्य गराई सान्तवना स्वरुप भुक्तानी गर्ने ।

घ) सहकारी संग एक वार्ड एक उत्पादन कार्यक्रम सञ्चालन गर्न कार्यान्वयन निर्देशिका, २०८० बमोजिम गर्ने ।

ङ) कृषि कार्यक्रममा कृषक छनौट गर्दा अनिवार्य रुपमा अपाङ्गता भएका कृषकहरुलाई प्राथमिकता दिने ।

च) भुम्लु गाउँपालिकाको प्रत्येक वडामा थप १(एक) दुई पाङ्ग्रे (मोटरसाइकल) सवारी साधन उपलब्ध गराउने र सोको व्यवस्थापन वडा समितिले गर्ने । साथै कैफियत जनाएर गाउँपालिकाले वडा अध्यक्षलाई हस्तान्तरण गर्ने ।

छ) क र ख वर्गका अपाङ्गता व्यक्तिहरुलाई स्वास्थ्य संस्था लैजानको लागि निःशुल्क एम्बुलेन्स सेवा व्यवस्था गर्ने ।

(ज) दोलालघाट चोकमा CCTV CAMERA जडान गर्न सडक बोर्ड शीर्षकबाट व्यवस्थापन गर्ने / तथा तारजाली खरीद गर्न रु.१० लाख विपद्बाट व्यहोर्ने ।